आज मिति २०८१/०९/२६ गते यस नगरपालिकाको नगर सभाको १५ औं अधिवेशन नगरपालिकाका प्रमुख श्री कृष्ण प्रसाद कोइरालाज्यूको अध्यक्षतामा बस्यो । उक्त अधिवेशनको उपस्थिती तपसिल अनुसार रहृयो ।

| क्र.स. | नाम/थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | कृष्ण प्रसाद कोइराला | नगर प्रमुख | |
| २ | भवानी के.सी. | नगर उप प्रमुख | |
| ३ | कर्न बहादुर गुरुङ्ग | अध्यक्ष वडा न. १ | |
| ४ | नविन कुमार श्रेष्ठ | अध्यक्ष वडा न. २ | |
| ५ | अमृत न्यौपाने | अध्यक्ष वडा न. ३ | |
| ६ | कृष्ण प्रसाद अधिकारी | अध्यक्ष वडा न. ४ | |
| ७ | श्री काजी गुरुङ्ग | अध्यक्ष वडा न. ५ | |
| ८ | दिनेश बाबु कोईराला | अध्यक्ष वडा न. ६ | |
| ९ | जय राम रेग्मी | अध्यक्ष वडा न. ७ | |
| १० | विजेन्द्र थापा | अध्यक्ष वडा न. ८ | |
| ११ | मनराज गुरुङ्ग | अध्यक्ष वडा न. ९ | |
| १२ | दिपक राज ढकाल | अध्यक्ष वडा न. १० | |
| १३ | ओम बहादुर दुरा | अध्यक्ष वडा न. ११ | |
| १४ | राधा देवी मल्ल | कार्यपालिका सदस्य | |
| १५ | इन्दु अधिकारी | कार्यपालिका सदस्य | |
| १६ | भगवती देवी वि.क. | कार्यपालिका सदस्य | |
| १७ | राधिका भट्टराई/अधिकारी | कार्यपालिका सदस्य | |
| १८ | सुकमाया गुरुङ | कार्यपालिका सदस्य | |
| १९ | कृष्ण बहादुर दुरा | कार्यपालिका सदस्य | |
| २० | राजेन्द्र वि.क. | कार्यपालिका सदस्य | |
| २१ | विल बहादुर घर्ती | कार्यपालिका सदस्य | |
| २२ | सर्मिला ठडराई | वडा सदस्य नं १ | |
| २३ | निलकण्ठ अधिकारी | वडा सदस्य नं १ | |
| २४ | दिपेन्द्र बसौला | वडा सदस्य नं १ | |
| २५ | सिता नेपाली | वडा सदस्य नं २ | |
| २६ | नारायण बहादुर कुमाल | वडा सदस्य नं २ | |
| २७ | निर्मला ढकाल | वडा सदस्य नं ३ | |
| २८ | सावित्रा विश्वकर्मा | वडा सदस्य नं ३ | |
| २९ | डमर बहादुर गुरुङ | वडा सदस्य नं ३ | |
| ३० | विष्णुराज अधिकारी | वडा सदस्य नं ३ | |
| ३१ | निरा न्यौपाने | वडा सदस्य नं ४ | |
| ३२ | देव राज गुरुङ | वडा सदस्य नं ४ | |
| ३३ | मन बहादुर गुरुङ | वडा सदस्य नं ४ | |
| ३४ | गोमा के.सी. रिमाल | वडा सदस्य नं ५ | |
| ३५ | चन्द्रमाया दर्जी | वडा सदस्य नं ५ | |
| ३६ | यान कुमार गरुङ | वडा सदस्य नं ५ | |
| ३७ | सन्तोष लामा | वडा सदस्य नं ५ | |
| ३८ | सरस्वती परियार | वडा सदस्य नं ६ | |
| ३९ | चन्द बहादुर तामाङ | वडा सदस्य नं ६ | |
| ४० | विजेश श्रेष्ठ | वडा सदस्य नं ६ | |
| ४१ | सविना सापकोटा | वडा सदस्य नं ७ | |
| ४२ | बुद्धिकला विश्वकर्मा | वडा सदस्य नं ७ | |

...प्रसाद कोइराला
नगर प्रमुख

| | | | |
|---|---|---|---|
| ४३ | मुरली कुमाल | वडा सदस्य नं ७ | |
| ४४ | सन्तोष श्रेष्ठ | वडा सदस्य नं ७ | |
| ४५ | अनिता दुलाल ( सार्की ) | वडा सदस्य नं ८ | |
| ४६ | केशर बहादुर कुँवर | वडा सदस्य नं ८ | |
| ४७ | सेयर सिं कार्की | वडा सदस्य नं ८ | |
| ४८ | मधु कुमारी बोहोरा ( भट्टराई ) | वडा सदस्य नं ९ | |
| ४९ | चिजा माया दर्जी | वडा सदस्य नं ९ | |
| ५० | खुश बहादुर गुरुङ | वडा सदस्य नं ९ | |
| ५१ | सुरेश गुरुङ | वडा सदस्य नं ९ | |
| ५२ | विन्दु देवि अधिकारी | वडा सदस्य नं १० | |
| ५३ | कालीमाया अछामी | वडा सदस्य नं १० | कालीमाया |
| ५४ | नारायण बहादुर भण्डारी | वडा सदस्य नं १० | |
| ५५ | योगेन्द्र गुरुङ | वडा सदस्य नं १० | |
| ५६ | भुमिका दुरा | वडा सदस्य नं ११ | |
| ५७ | सुनिता सार्की | वडा सदस्य नं ११ | सुनिता |
| ५८ | भुमिकर दुरा | वडा सदस्य नं ११ | |
| ५९ | रमेश घर्ति | ~~सदस्य~~ सचिव | |
| | | | |

## मिति २०८१/०९/२६ गते बसेको नगरसभाको पन्ध्रौं अधिवेशनको निर्णयहरु :

**निर्णय नं १**

नगर प्रमुख ज्यूबाट नगरसभामा प्रस्तुत सुन्दरबजार नगरपालिकाको कार्यसम्पादन समिक्षा प्रतिवेदन स्वीकृत गरियो ।

**निर्णय नं २**

नगर उप प्रमुख ज्यूबाट नगरसभामा प्रस्तुत गरिएको विनियोजन ऐन, २०८१ को संसोधन विधेयक स्वीकृत गरियो ।

**निर्णय नं ३**

आर्थिक विकास समिति संयोजकबाट पेश भएको सुन्दरबजार नगरपालिकाको सहकारी ऐन २०७५ को चौथो संसोधन बिधेयक, २०८१ स्वीकृत गरियो ।

**निर्णय नं ४**

आ.व २०८१/८२ श्रावण देखि हाल सम्म बसेको कार्यपालिका बैठकको सम्पूर्ण निर्णयहरु अनुमोदन गरियो

**निर्णय नं ५**

स्थानीय सरकार संचालन ऐन २०७४ को दफा २२ बमोजिमको लेखा समितिको बैठकको निर्णय अनुसार अन्तिम लेखा परीक्षण गर्दा औल्याईएका बेरुजु रकमहरु मध्ये नियमानुसार नियमित गर्न सकिने तपशिल अनुसारका बेरुजु फछ्र्याट गरी सम्परीक्षणका लागि पेश गर्ने निर्णय गरियो ।

तपशिल

| आ.व/प्रतिवेदनको दफा नं | बेरुजुको विवरण | निर्णय |
|---|---|---|
| आ.व.२०८०।८१ दफा नं २२ | कार्यपालिकाको निर्णय बमोजिम कम दरमा राजस्व असुली सम्वन्धको बेरुजु रु ७५,३०७/- | स्थानिय रुपमा उपलब्ध दहत्तर बहत्तरको गुणस्तर र बजार मागको आधारमा नगर कार्यपालिकाबाट निर्णय भइ नगरसभाबाट अनुमोदन भए अनुरुप राजस्व असूली भएको हुँदा सो बेरुजु नियमसंगत नै देखिएको साथै यसबाट सरकारलाई थप व्ययभार भएको नदेखिएको र कूनै हानी नोक्सानी नभएकोले नियमित गरी बेरुजु फछ्यौट गरेर सम्परीक्षणका लागि महालेखा परीक्षकको कार्यालय समक्ष पेश गर्ने निर्णय गरियो । साथै |

| | | |
|---|---|---|
| | | दफा नं २२ बमोजिमको कार्य गर्दा यस्ता किसिमका गल्ती कमजोरी हुन नदिने र भविष्यमा सुधार गर्ने समेत प्रतिवद्धता गरियो । |
| आ.व.२०८०।८१ दफा नं २८ | नगरपालिकाले जफत गरेको दहत्तर बहत्तर परिमाण बाट वडाले खाल्टा खुल्टी पुरेको रु ४,५४,४५१/- | बर्षातको समयमा सडक आवत जावतमा समस्या भएको कारण सडकमा खाल्टा खुल्टी को कारण सवारी दुर्घटनाको समेत जोखिम वढेको र स्थानीय सरकार जनताको घरदैलोको सरकार भएकाले जनताको आवश्यकता र विपत व्यवस्थापन गर्ने दायित्व भएकाले पालिकाको भए बमोजिम उक्त कार्य गरिएकाले सो कर्य वापत खर्च भएको दहत्तर बहत्तरको सामाग्री असूल उपर गर्ने भन्ने विषय कानुनी र व्यवहारीक नभएको साथै यसबाट सरकारलाई थप व्ययभार भएको नदेखिएको र कूनै हानी नोक्सानी नभएकोले नियमित गरी बेरुजु फछ्यौट गरेर सम्परीक्षणका लागि महालेखा परीक्षकको कार्यालय समक्ष पेश गर्ने निर्णय गरियो । साथै दफा नं २८ बमोजिमको कार्य गर्दा यस्ता किसिमका गल्ती कमजोरी हुन नदिने र भविष्यमा सुधार गर्ने समेत प्रतिवद्धता गरियो । |
| आ.व.२०८०।८१ दफा नं ३१ | मिलनबस्ती घाटको दहत्तर बहत्तर शुल्क र व्याज असुलि सम्बन्धमा रु १,९८,८८०/- | नगरपालिका र निर्माण व्यवसायी बिच सम्झौता भई निर्माण व्यवसायीले केही रकम दाखिला गरेको र बाँकि रकमको बैङ्क ग्यारेन्टी पेश गरी दहत्तर वहत्तर उत्खनन गर्ने कार्य अगाडी बढाउन खोज्दा स्थानीय बासीको अवरोधका कारण उक्त सामाग्री संकलन गर्न नपाएको भनी निर्माण व्यबसायीले दाखिला गरेको रकम समेत फिर्ता मागेको अवस्थामा पालिकाले राजस्व फिर्ता गर्न ईन्कार गरेकाले निर्माण व्यवसायीले राजस्व फिर्ता पाउनु पर्ने जिकिर सहित जिल्ला अदालत बैशिशहरमा मुद्दा समेत पेश गरेकाले उक्त विषयमा अदालतको निर्णय अनुसार कार्यान्वयन गर्नुपर्ने भएकोले बेरुजु फछ्यौट गरेर सम्परीक्षणका लागि महालेखा परीक्षकको कार्यालय समक्ष पेश गर्ने निर्णय गरियो । साथै दफा नं २२ वमोजिमको कार्य गर्दा यस्ता किसिमका गल्ती कमजोरी हुन नदिने र भविष्यमा सुधार गर्ने समेत प्रतिवद्धता गरियो । |
| आ.व.२०८०।८१ दफा नं ४२ | औषधिको सोझै खरिद रु २४,२८,१५३/- | कार्यालयले गत आ.व.मा सिलबन्दी दरभाउ पत्रबाट औषधी खरिदको लागी बिद्दुतिय माध्यामबाट सुचना आह्वान गरिएकोमा २ ओटा आपुर्तिकर्ताले मात्र दरभाउपत्र पेश गरेकाले खरिद गर्न समय अभावका तथा औषधी आपुर्तिको माग र आवश्यकतालाई समेत मध्यनजर गर्दै सोझै खरिद बिधि प्रयोग गरी औषधी खरिद गरिएकोले यसबाट सरकारलाई थप व्ययभार भएको नदेखिएको र कूनै हानी नोक्सानी नभएकोले नियमित गरी बेरुजु फछ्यौट गरेर सम्परीक्षणका लागि महालेखा परीक्षकको कार्यालय समक्ष पेश गर्ने निर्णय |

…प्रसाद …
…

| | | |
|---|---|---|
| | | गरियो । साथै दफा नं ४२ बमोजिमको कार्य गर्दा यस्ता किसिमका गल्ती कमजोरी हुन नदिने र भविष्यमा सुधार गर्ने समेत प्रतिवद्धता गरियो । |
| आ.व.२०८०।८१ दफा नं २० | बैङ्क हिसाब मिलान १४,५७,६०४।०७ | नगरपालिकाको गत आ.व.मा सिधै बैङ्कमा राजस्व जम्मा गरेको कारण कार्यालयमा प्राप्त भौचर भन्दा बैङ्कमा रु १४,५७,६०४।०७ रकम बढि देखिएकोमा लेखा परिक्षण पश्चात हिसाब मिलान भै सुत्र समेत लक गरिसकेको हुँदा उक्त बेरुजु फर्छ्यौट गरेर सम्परीक्षणका लागि महालेखा परीक्षकको कार्यालय समक्ष पेश गर्ने निर्णय गरियो । साथै दफा नं २० बमोजिमको कार्य गर्दा यस्ता किसिमका गल्ती कमजोरी हुन नदिने र भविष्यमा सुधार गर्ने समेत प्रतिवद्धता गरियो । |
| आ.व.२०८०।८१ दफा नं ६५.२ | अस्पतालको औषधी खरिद कार्य टुक्रापारी खरिद गरको रु ५८,३६,७७३/- | सुन्दरबजार अस्पतालको लागी बिबिध कार्यालय संचालन, मर्मत तथा औषधी खरिद कार्यको लागी नगरपालिकावाट रु २५,००,०००/- विनियोजन भएको साथै अस्पतालको पुर्व निश्चित भएका आम्दानिको स्रोतको अभावको कारण एकैपटक वोलपत्र आह्वान गर्न कठिन तथा जोखिम भएको कारण अस्पतालको आवश्यकता र औषधीको माग लाई मध्यनजर गरी पटक पटक औषधी खरिद गर्नुपर्ने वाध्यता समेत भएकाले पटक पटक भएको खरिद कार्यले अस्पताल तथा कार्यालयलाई थप आर्थिक भार नपरेकोले वेरुजु फछ्यौट गरेर सम्परीक्षणका लागि महालेखा परीक्षकको कार्यालय समक्ष पेश गर्ने निर्णय गरियो । साथै दफा नं ६५.२ बमोजिमको कार्य गर्दा यस्ता किसिमका गल्ती कमजोरी हुन नदिने र भविष्यमा सुधार गर्ने समेत प्रतिवद्धता गरियो ।लागी सिफारिस गर्ने निर्णय गरियो । |
| आ.व.२०८०।८१ दफा नं ५४ | फिल्ड भत्ता रु ६,७२,०००।- | २०७९/०९/२८ गतेको कार्यपालिकाको निर्णय अनुसार प्राविधिक कर्मचारी तथा अन्य थप जिम्वेवारी लिएका कर्मचारीको लागी थप प्रोत्साहन भत्ता दिने निर्णय बमोजिम ईन्जिनियर, संब ईन्जिनियर, अ स ई लाई फिल्ड भत्ताको व्यवस्था भएकाले फिल्ड भत्ताको भुक्तानि नियम बिपरित नभएकोले वेरुजु फछ्यौट गरेर सम्परीक्षणका लागि महालेखा परीक्षकको कार्यालय समक्ष पेश गर्ने निर्णय गरियो । साथै दफा नं ५४ बमोजिमको कार्य गर्दा यस्ता किसिमका गल्ती कमजोरी हुन नदिने र भविष्यमा सुधार गर्ने समेत प्रतिवद्धता गरियो ।लागी सिफारिस गर्ने निर्णय गरियो । |
| आ.व.२०८०।८१ दफा नं ५२ | विजुलि महसुल रु ४४०८/- | कार्यालयले सम्बन्धित खर्च शिर्षकमा स्रोत फुकुवा नहुने लगाएतका प्राविधिक समस्याका कारण विद्धुत महसुल भुक्तानिको क्रममा जरिवाना समेत भुक्तानि भएकोले सो बेरुजु नियमित गरि बेरुजु सम्परिक्षणको लागि महालेखा परीक्षकको कार्यालय समक्ष पेश गर्ने |

| | | |
|---|---|---|
| | | निर्णय गरियो । साथै दफा नं ५२ बमोजिमको कार्य गर्दा यस्ता किसिमका गल्ती कमजोरी हुन नदिने र भविष्यमा सुधार गर्ने समेत प्रतिवद्धता गरियो ।लागी सिफारिस गर्ने निर्णय गरियो । |
| आ.व.२०८०।८१ दफा नं ६३ | मापदण्डको उल्लङ्घन गरि बैठक भत्ता भुक्तानि रु ७,८९,४८०/- | नगरपालिकाले ठेक्का प्रणाली सिलबन्दि दरभाउ पत्र, कोटेशन, सामाग्री खरिद तथा कार्यक्रम संचालनको लागी सार्वजनिक बिदा र कार्यालय समय अघि वा पछिको समयको मुल्याङ्कन समिति तथा खरिद समितिको बैठक भत्ता भुक्तानि गरेकोमा सो भुक्तानि नियमतसंगत नै भुक्तानि भएकाले सो बेरुजु नियमित गरि सम्परिक्षणकाकार्यालयले सम्वन्धित खर्च शिर्षकमा स्रोत फुकुवा नहुने लगाएतका प्राविधिक समस्याका कारण विद्धुत महसुल भुक्तानिको क्रममा जरिवाना समेत भुक्तानि भएकोले सो वेरुजु नियमित गरि बेरुजु सम्परिक्षणको लागि महालेखा परीक्षकको कार्यालय समक्ष पेश गर्ने निर्णय गरियो । साथै दफा नं ६३ बमोजिमको कार्य गर्दा यस्ता किसिमका गल्ती कमजोरी हुन नदिने र भविष्यमा सुधार गर्ने समेत प्रतिवद्धता गरियो ।लागी सिफारिस गर्ने निर्णय गरियो । |

निर्णय नं. २ सँग सम्बन्धित

सुन्दरबजार नगरपालिका
नगर कार्यपालिकाको कार्यालय, लमजुङ

रकमान्तर

आ.व. : २०८१/८२

घटाउने

| क्र.सं. | बजेट उपशीर्षक | कार्यक्रम/आयोजना/क्रियाकलापको नाम | खर्च उपशिर्षक | स्रोत समूह | बजेटको स्रोत/तह | प्राप्तिको श्रोत | भुक्तानी विधि | रकम | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | ८०४३७४०४१०१ | विपद व्यबस्थापान कार्यक्रम | 22529 | संघीय सरकार | नेपाल सरकार | समानिकरण अनुदान | नगद अनुदान | १,००,०००.०० | |
| २ | ८०४३७४०४१०१ | संधिय समपुरक योजनामा थप | 31151 | संघीय सरकार | नेपाल सरकार | समानिकरण अनुदान | नगद अनुदान | ५०,००,०००.०० | |
| ३ | ८०४३७४०४१०१ | सिभिल ल्याब भवन निर्माण | 31112 | अन्तरिक श्रोत | आन्तरिक श्रोत | आन्तरिक श्रोत | नगद | १०,००,०००.०० | |
| ४ | ८०४३७४०४२०१ | सिर्वानि टोल गणेश मन्दिर निर्माण | 31112 | प्रदेश सरकार | गण्डकी प्रदेश | समानिकरण अनुदान | नगद अनुदान | ५०,०००.०० | |
| ५ | ८०४३७४०४२०१ | बिजयपुर देखि भागु धारासम्म सिढि निर्माण | 31151 | प्रदेश सरकार | गण्डकी प्रदेश | समानिकरण अनुदान | नगद अनुदान | १,००,०००.०० | |
| ६ | ८०४३७४०४२०१ | तिजको चौतारा निर्माण | 31161 | प्रदेश सरकार | गण्डकी प्रदेश | समानिकरण अनुदान | नगद अनुदान | ५०,०००.०० | |
| ७ | ८०४३७४०४२०२ | देउराली मन्दिर मर्मत | 31159 | संघीय सरकार | नेपाल सरकार | समानिकरण अनुदान | नगद अनुदान | १,००,०००.०० | |
| ८ | ८०४३७४०४२०३ | जलुकेनी शिव मन्दिर निर्माण | 31159 | संघीय सरकार | नेपाल सरकार | समानिकरण अनुदान | नगद अनुदान | २,००,०००.०० | |
| ९ | ८०४३७४०४२०४ | अर्चले खोला सिढि निर्माण | 31151 | संघीय सरकार | नेपाल सरकार | समानिकरण अनुदान | नगद अनुदान | १,००,०००.०० | |
| १० | ८०४३७४०४२०४ | दुराडाँडा प्रवेश तथा शिक्षाद्धार | 31159 | संघीय सरकार | नेपाल सरकार | समानिकरण अनुदान | नगद अनुदान | ५,००,०००.०० | |
| ११ | ८०४३७४०४२०५ | कृषि प्रबद्र्धन कार्यक्रम | 22529 | राजस्व बाडफाड | राजस्व बाँडफाँड - प्रदेश सरकार | राजस्व बाँडफाँड | नगद | ५०,०००.०० | |
| १२ | ८०४३७४०४२०६ | ऐसेलुचौर शिव मन्दिर चौतारो मोटरवाटो स्तरउन्नती | 31151 | संघीय सरकार | नेपाल सरकार | समानिकरण अनुदान | नगद अनुदान | १,५०,०००.०० | |
| १३ | ८०४३७४०४२०६ | आहाले धारा खोल्सी ह्युम पाईप | 31151 | संघीय सरकार | नेपाल सरकार | समानिकरण अनुदान | नगद अनुदान | २,००,०००.०० | |
| १४ | ८०४३७४०४२०७ | सुन्दरबजार अस्पताल व्यबस्थापन तथा संचालन सहयोग | 25312 | राजस्व बाडफाड | राजस्व बाँडफाँड - संघीय सरकार | राजस्व बाँडफाँड | नगद | ५,००,०००.०० | |
| १५ | ८०४३७४०४२०९ | बालुने चौताराबाट भक्ति नमुना गेट सम्मको बाटोकी नालामा स्ल्याप | 31151 | संघीय सरकार | नेपाल सरकार | समानिकरण अनुदान | नगद अनुदान | १,००,०००.०० | |
| १६ | ८०४३७४०४२०९ | फुलवारी खानेपानी मर्मत | 31156 | राजस्व बाडफाड | राजस्व बाँडफाँड - संघीय सरकार | राजस्व बाँडफाँड | नगद | १,००,०००.०० | |
| १७ | ८०४३७४०४२०९ | शिरशिरे डाँडा पार्क निर्माण | 31159 | संघीय सरकार | नेपाल सरकार | समानिकरण अनुदान | नगद अनुदान | ३,००,०००.०० | |
| १८ | ८०४३७४०४२०९ | धारापानी ब्याडमिन्टन खेलकुद | 22522 | प्रदेश सरकार | गण्डकी प्रदेश | समानिकरण अनुदान | नगद अनुदान | २,५०,०००.०० | |
| १९ | ८०४३७४०४२०९ | खस आर्य समाज भवन निर्माण | 31159 | संघीय सरकार | नेपाल सरकार | समानिकरण अनुदान | नगद अनुदान | ५,००,०००.०० | |
| २० | ८०४३७४०४२०९ | सिख्रा सिरसिरे डाँडामा पार्क निमार्ण तथा व्यवस्थापन | 31159 | प्रदेश सरकार | गण्डकी प्रदेश | समानिकरण अनुदान | नगद अनुदान | २,००,०००.०० | |

सुन्दरबजार नगरपालिका
नगर कार्यपालिकाको कार्यालय, लमजुङ

रकमान्तर

आ.व. : २०८१/८२

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| २१ | ८०४३७४०४२१० | वडहरे खोला भलपानी ब्यवस्थापन तथा माझगीडा फुलपातीको भिर सडक स्तरोन्नती | 31151 | संघीय सरकार | नेपाल सरकार | समानिकरण अनुदान | नगद अनुदान | ३,००,०००.०० | |
| २२ | ८०४३७४०४३०१ | मेयरकप खेलकुद कार्यक्रम | 22522 | संघीय सरकार | नेपाल सरकार | समानिकरण अनुदान | नगद अनुदान | ४,००,०००.०० | |
| २३ | ८०४३७४०४३०२ | पारिश्रमिक कर्मचारीअस्पतालका चिकित्सक तथा स्वास्थ्य कर्मी हरुलाई अतिरिक्त ड्युटि सुविधा बापतको रकम | 21111 | राजस्व बाडफाड | राजस्व बाँडफाँड - संघीय सरकार | राजस्व बाँडफाँड | नगद | १०,००,०००.०० | |
| २४ | ८०४३७४०४३०३ | क्रप कटिङ बालि अनुसार | 22522 | संघीय सरकार | नेपाल सरकार | समानिकरण अनुदान | नगद अनुदान | १५,०००.०० | |
| | | | | | | | | १,१२,६५,०००.०० | |

बढाउने

| क्र.सं. | बजेट उपशीर्षक | कार्यक्रम/आयोजना/क्रियाकलापको नाम | खर्च उपशीर्षक | स्रोत समूह | बजेटको स्रोत/तह | प्राप्तिको श्रोत | भुक्तानी विधि | रकम | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | ८०४३७४०४१०१ | समपुरक अनुदानमा थप रकम | 31161 | संघीय सरकार | नेपाल सरकार | समानिकरण अनुदान | नगद अनुदान | ५०,००,०००.०० | |
| २ | ८०४३७४०४१०१ | सिभिल ल्याब निर्माण तथास कार्यालय ब्यबस्थापन सुधार | 31161 | अन्तरिक श्रोत | आन्तरिक श्रोत | आन्तरिक श्रोत | नगद | १०,००,०००.०० | |
| ३ | ८०४३७४०४१०१ | राजस्व फिर्ता | 28211 | अन्तरिक श्रोत | आन्तरिक श्रोत | आन्तरिक श्रोत | नगद | ७,००,०००.०० | |
| ४ | ८०४३७४०४१०१ | लोक कल्याणकारी सुचना तथा सन्देस सम्प्रेशण | 22315 | अन्तरिक श्रोत | आन्तरिक श्रोत | आन्तरिक श्रोत | नगद | ५,००,०००.०० | |
| ५ | ८०४३७४०४१०१ | लागत सहभागीतामा संचालित योजना | 31151 | जनसहभागिता | जन सहभागिता | आन्तरिक श्रोत | नगद | ३६,२५,०००.०० | |
| ६ | ८०४३७४०४१०१ | सवारी साधन | 31121 | अन्तरिक श्रोत | आन्तरिक श्रोत | आन्तरिक श्रोत | नगद | ५,५०,०००.०० | |
| ७ | ८०४३७४०४१०१ | विविध पुँजिगत खर्च | 31113 | अन्तरिक श्रोत | आन्तरिक श्रोत | आन्तरिक श्रोत | नगद | ४०,००,०००.०० | |
| ८ | ८०४३७४०४१०१ | कार्यालय सजावट तथा हल व्यबस्थापन | 31161 | अन्तरिक श्रोत | आन्तरिक श्रोत | आन्तरिक श्रोत | नगद | १०,००,०००.०० | |
| ९ | ८०४३७४०४१०१ | मेशिनरी तथा औजार | 31122 | अन्तरिक श्रोत | आन्तरिक श्रोत | आन्तरिक श्रोत | नगद | १०,००,०००.०० | |
| १० | ८०४३७४०४१०१ | मर्मत संभार कोष | 25313 | अन्तरिक श्रोत | आन्तरिक श्रोत | आन्तरिक श्रोत | नगद | १०,००,०००.०० | |
| ११ | ८०४३७४०४१०१ | फर्निचर तथा फिक्चर्स | 31123 | अन्तरिक श्रोत | आन्तरिक श्रोत | आन्तरिक श्रोत | नगद | ५,७०,०००.०० | |
| १२ | ८०४३७४०४१०१ | फर्निचर तथा फिक्चर्स | 31123 | प्रदेश सरकार | गण्डकी प्रदेश | समानिकरण अनुदान | नगद अनुदान | २,३०,०००.०० | |
| १३ | ८०४३७४०४१०१ | फर्निचर तथा फिक्चर्स | 31123 | अन्तरिक श्रोत | आन्तरिक श्रोत | आन्तरिक श्रोत | नगद | ८,००,०००.०० | |
| १४ | ८०४३७४०४२०१ | सिर्वानी टोल गणेश मन्दिर मर्मत वडा नं.१ | 31161 | प्रदेश सरकार | गण्डकी प्रदेश | समानिकरण अनुदान | नगद अनुदान | ५०,०००.०० | |
| १५ | ८०४३७४०४२०१ | जमुकेनी शिव मन्दिर संरक्षण -३ | 31161 | संघीय सरकार | नेपाल सरकार | समानिकरण अनुदान | नगद अनुदान | २,००,०००.०० | |
| १६ | ८०४३७४०४२०१ | हाँडेटार खानेपानी मर्मत | 31156 | संघीय सरकार | नेपाल सरकार | समानिकरण अनुदान | नगद अनुदान | १,००,०००.०० | |
| १७ | ८०४३७४०४२०१ | तिजको चौतारा मर्मत -१ | 31159 | संघीय सरकार | नेपाल सरकार | समानिकरण अनुदान | नगद अनुदान | ५०,०००.०० | |
| १८ | ८०४३७४०४२०४ | अर्चले खोला बाटो निर्माण-४ | 31151 | संघीय सरकार | नेपाल सरकार | समानिकरण अनुदान | नगद अनुदान | १,००,०००.०० | |
| १९ | ८०४३७४०४२०४ | मध्यपहाडी लोकमार्ग देखी सत्रसय मन्दिर जानेबाटो | 31151 | संघीय सरकार | नेपाल सरकार | समानिकरण अनुदान | नगद अनुदान | ५,००,०००.०० | |
| २० | ८०४३७४०४२०५ | प्रधानमन्त्री रोजगार कार्यक्रम अनातर्गत किरिन्वे कालीमाटी मजुवा कुलो सामग्री खरीद | 31151 | राजस्व बाडफाड | राजस्व बाँडफाँड - प्रदेश सरकार | राजस्व बाँडफाँड | नगद | ५०,०००.०० | |

सुन्दरबजार नगरपालिका
नगर कार्यपालिकाको कार्यालय, लमजुङ

रकमान्तर

आ.व. : २०८१/८२

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| २१ | ८०४३७४०४२०५ | प्रधानमन्त्री रोजगार कार्यक्रम अन्गतर्गत किरिन्चे कालीमाटी मजुवा कुलो सामग्री खरीद | 31151 | प्रदेश सरकार | गण्डकी प्रदेश | समानिकरण अनुदान | नगद अनुदान | १,००,०००.०० |
| २२ | ८०४३७४०४२०५ | खरीभञ्ज्याङ बागेडाडा सडक स्तरोउन्नती | 31151 | संघीय सरकार | नेपाल सरकार | समानिकरण अनुदान | नगद अनुदान | १,००,०००.०० |
| २३ | ८०४३७४०४२०६ | आहाले धारा खोल्सी बाटो स्तरोन्नती -६ | 31151 | संघीय सरकार | नेपाल सरकार | समानिकरण अनुदान | नगद अनुदान | २,००,०००.०० |
| २४ | ८०४३७४०४२०६ | पुर्वाधार तथा सडक स्तरोन्नती | 31151 | राजस्व बाडफाड | राजस्व बाँडफाँड - संघीय सरकार | राजस्व बाँडफाँड | नगद | ५,००,०००.०० |
| २५ | ८०४३७४०४२०६ | तामाङ एकता समाज शौचालु निर्माण-६ | 31161 | संघीय सरकार | नेपाल सरकार | समानिकरण अनुदान | नगद अनुदान | १,५०,०००.०० |
| २६ | ८०४३७४०४२०९ | बाह्मण क्षेत्री समाज टोल समिति भवन निर्माण -९ | 31161 | संघीय सरकार | नेपाल सरकार | समानिकरण अनुदान | नगद अनुदान | ५,००,०००.०० |
| २७ | ८०४३७४०४२०९ | भोटेओडार ब्याडमिन्टन प्रतियोगिता-९ | 22522 | प्रदेश सरकार | गण्डकी प्रदेश | समानिकरण अनुदान | नगद अनुदान | २,५०,०००.०० |
| २८ | ८०४३७४०४२०९ | फुलबारी मिलन चोक देखि भित्री फुलबारी जाने बाटो स्तरोन्नती | 31151 | राजस्व बाडफाड | राजस्व बाँडफाँड - संघीय सरकार | राजस्व बाँडफाँड | नगद | १,००,०००.०० |
| २९ | ८०४३७४०४२०९ | शिरशिरे डाँडा शौचालय र पार्क निर्माण -९ | 31161 | संघीय सरकार | नेपाल सरकार | समानिकरण अनुदान | नगद अनुदान | ५,००,०००.०० |
| ३० | ८०४३७४०४२०९ | बालुने भक्ति नमुना नाला स्तरोन्नती -९ | 31151 | संघीय सरकार | नेपाल सरकार | समानिकरण अनुदान | नगद अनुदान | १,००,०००.०० |
| ३१ | ८०४३७४०४२१० | माझगीडा गोर्खालीडाँडा धुसेनी सडक | 31151 | संघीय सरकार | नेपाल सरकार | समानिकरण अनुदान | नगद अनुदान | ३,००,०००.०० |
| ३२ | ८०४३७४०४३०१ | वृत्तिमार्ग निर्देशन कार्यक्रम | 22522 | अन्तरिक श्रोत | आन्तरिक श्रोत | आन्तरिक श्रोत | नगद | १,००,०००.०० |
| ३३ | ८०४३७४०४३०१ | राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता | 22522 | राजस्व बाडफाड | राजस्व बाँडफाँड - संघीय सरकार | राजस्व बाँडफाँड | नगद | ४,००,०००.०० |
| ३४ | ८०४३७४०४३०१ | राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता | 22522 | अन्तरिक श्रोत | आन्तरिक श्रोत | आन्तरिक श्रोत | नगद | ३,००,०००.०० |
| ३५ | ८०४३७४०४३०२ | पुर्ण संस्थागत सुत्केरी स्वास्थ्य संस्था घोषणा र निरन्तरता कार्यक्रम | 22522 | राजस्व बाडफाड | राजस्व बाँडफाँड - संघीय सरकार | राजस्व बाँडफाँड | नगद | १,५०,०००.०० |
| ३६ | ८०४३७४०४३०२ | जेष्ठ नागरीक उपचार कार्यक्रम | 22522 | राजस्व बाडफाड | राजस्व बाँडफाँड - संघीय सरकार | राजस्व बाँडफाँड | नगद | ३,००,०००.०० |
| ३७ | ८०४३७४०४३०२ | न्युनतम सेवा मापदण्ड | 22522 | राजस्व बाडफाड | राजस्व बाँडफाँड - संघीय सरकार | राजस्व बाँडफाँड | नगद | ५०,०००.०० |
| ३८ | ८०४३७४०४३०२ | स्वस्थ्य बाल बच्चा प्रतिस्पर्धा कार्यक्रम | 22522 | राजस्व बाडफाड | राजस्व बाँडफाँड - संघीय सरकार | राजस्व बाँडफाँड | नगद | १,००,०००.०० |
| ३९ | ८०४३७४०४३०३ | नव निर्मित कृषि भवनमा एसि खरिद | 22221 | संघीय सरकार | नेपाल सरकार | समानिकरण अनुदान | नगद अनुदान | १,३०,०००.०० |
| ४० | ८०४३७४०४३०३ | नव निर्मित कृषि भवनमा एसि खरिद | 22221 | प्रदेश सरकार | गण्डकी प्रदेश | समानिकरण अनुदान | नगद अनुदान | २०,०००.०० |
| ४१ | ८०४३७४०४३०३ | विस्यान मापन मिटर खरिद | 22522 | संघीय सरकार | नेपाल सरकार | समानिकरण अनुदान | नगद अनुदान | ३५,०००.०० |
| | | | | | | | | २,५४,१०,०००.०० |

**अक्षरेपी : रुपैयाँ दुइ करोड चौवन्न लाख दश हजार मात्र।**

कृष्ण प्रसाद काफ्ले
नगर प्रमुख

निर्णय नं. ३ सँग सम्वन्धित

**सुन्दरबजार नगरपालिकाको सहकारी ऐन, २०७५ (चौथो संशोधन ) विधेयक,२०८१**

**प्रस्तावना:** सुन्दरबजार नगरपालकाको सहकारी ऐन,२०७५ लाई संशोधन गर्न वाञ्छनीय भएकोले, सुन्दरबजार नगरपालिकाको नगरसभाको १५ औं अधिवेशनले यो ऐन बनाएको छ।

१. **संक्षिप्त नाम र प्रारम्भ :** (१) यस ऐनको नाम **"सुन्दरबजार नगरपालिकाको सहकारी ऐन, २०७५( चौथो संशोधन ) विधेयक, २०८१"** रहेको छ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ।

२. **सुन्दरबजार नगरपालिकाको सहकारी ऐन,२०७५ को दफा ३० मा संशोधन :** (१)सुन्दरवजार नगरपालिकाको सहकारी ऐन,२०७५(यस पछि **"मूल ऐन"** भनिएको ) को दफा ३० उपदफा (५)क थपिएको छ :-

"(५)क, सहकारी संस्थाको कर्मचारी सम्वन्धी व्यवस्था : (क) सञ्चालक समितिले सहकारी संस्थामा आवश्यक कर्मचारीको पद, तह र संख्या निर्धारण गरी साधारण सभामा पेश गर्नुपर्नेछ। साधारण सभाले सम्वन्धित पद, तह र संख्याका लागि पारिश्रमिक तथा सेवा सुविधा सहितको कर्मचारी दरवन्दी स्वीकृत गरेरमात्र संस्थामा कर्मचारी राख्नु पर्नेछ।

(ख) सहकारी संस्थामा कार्यरत कर्मचारीको विवरण नगरपालिकाले तोकेको ढाँचामा तयार गरी प्रत्येक वर्ष सहकारी शाखामा बुझाउनु पर्नेछ। सहकारी संस्थामा कार्यरत कुनै कर्मचारी कुनै कारणवश सेवामा नरहेमा तथा नयाँ कर्मचारीको नियुक्ती भएमा सो को जानकारी सात दिनभित्र सहकारी शाखामा गराउनु पर्नेछ।

(ग) सहकारी संस्थामा कर्मचारी भर्ना गर्ने सम्बन्धी व्यवस्था तथा मापदण्ड नगरपालिकाले तोके वमोजिम हुनेछ। "

(२) उपदफा (७) "(७) सञ्चालक समतिमा निर्वाचित भएपश्चात् समितिका पदाधिकारीहरुले तीन महिनाभित्र सहकारी व्यवस्थापन सम्वन्धी प्रशिक्षण लिनुपर्नेछ।" थपिएको छ

**(३) मूल ऐनको दफा ३८ मा संसोधन :-**मूल ऐनको दफा ३८ मा उपदफा (३) थपिएको छ।

"(३) सहकारी संस्थाको लेखापरीक्षण गराउदा सुन्दरबजार नगरपालिकाको सहकारी संस्थाको लेखापरीक्षण मापदण्ड, २०८१ तथा प्रचलित कानूनको अधिनमा रही गर्नुपर्नेछ।"

**(४) मूल ऐनको दफा ३९ मा संसोधन :-**मूल ऐनको दफा ३९ मा देहाय बमोजिमको उपदफा थप गरिएको छ :-

"(९) सहकारी संस्थाले ऋण लगानी गर्दा उक्त ऋणवापत लगेको रकम संस्थामा फिर्ता हुने स्पष्ट आधारका कार्ययोजना तथा व्यवसाय/उद्यम योजना लगाएतका आवश्यक कागजात माग गरी त्यसरी माग गरिएको कागजात सहित अन्य आवश्यक अभिलेख खडा गरेर लगानी गर्नु पर्दछ।

(१०) सहकारी संस्थाले लगानी गरेको ऋणको मासिक रुपमा अभिलेख अद्यावधिक गर्ने, त्यसरी लगानी गरिएको ऋणको सम्वन्धमा पेश गरिएको कार्ययोजना तथा व्यवसाय/उद्यम योजना अनुरुप कार्यप्रगति हासिल भएको वा नभएको जाँचबुझ गर्ने, त्यसरी गरिएको जाँचबुझको प्रतिवेदन सञ्चालक समितिको वैठकमा पेश गर्ने व्यवस्था गर्नुपर्नेछ।

(११) सहकारी संस्थावाट ऋण लगानी गरेपश्चात् त्यसरी लगानी गरिएको ऋणको सुरक्षणका लागि आवश्यक ऋण हानी कोषको प्रवन्ध तत्काल गर्नुपर्छ।"



... प्रसाद कोइराला
नगर प्रमुख

**(५) मूल ऐनको दफा ५१ (क) मा संसोधन :-**मूल ऐनको दफा (५१)क थप गरिएको छ :-

(५१)क सहकारी संस्थाको अद्यावधिकरण गर्नुपर्ने : (१) नगरपालिकामा सञ्चालनमा रहेका सहकारी संस्थाले आर्थिक बर्ष समाप्त भएको एक महिनाभित्र वार्षिक रुपमा नगरपालिकाको सहकारी शाखामा आफ्नो संस्थाको अद्यावधिकरण गर्नुपर्नेछ। संस्था अद्यावधिकरणका लागि देहायका कागजात पेश गर्नुपर्नेछ :

(क) सहकारी सम्बन्धी सूचना प्रणालीमा अद्यावधिक गरिएको समष्टिगत विवरणको प्रतिलिपी,

(ख) सहकारी संस्थाको संक्षिप्त विवरण,

(ग) नगरपालिकामा तिर्नुपर्ने कर तिरेको रसिदको प्रतिलिपी,

(घ) अन्य तोकिए बमोजिमका विवरणहरु।

(२) नगरपालिकाको नियमन क्षेत्रमा नरहेका तर नगरपालिकाभित्र सञ्चालनमा रहेका सहकारी संस्थाहरुले समेत नगरपालिकाको सहकारी शाखामा वार्षिक रुपमा आफ्नो सहकारी संस्थाको अद्यावधिकरण गर्नुपर्नेछ।

**(६) मूल ऐनको दफा ५५ मा संसोधन :-**मूल ऐनको दफा ५५ को :-

(१) उपदफा (२) मा **"तीन आर्थिक बर्षभन्दा"** को सट्टामा **"दुई आर्थिक बर्षभन्दा"** भन्ने शब्दहरु राखिएका छन्।

**(७) मूल ऐनको दफा ७१ मा संशोधन :-** मूल ऐनको दफा ७१ को :-

(१) उपदफा (७) को **"गाउँ/नगर कार्यपालिकालाई"**को सट्टामा **"नगर कार्यपालिकालाई"** भन्ने शब्दहरु राखिएका छन्।

**(८) मूल ऐनको दफा ७३ मा संशोधन :-** मूल ऐनको दफा ७३ को :-

(१) उपदफा (४) "(४) वचत तथा ऋणको विषयगत सहकारीमा दर्ता भएका सहकारी संस्था तथा अन्य प्रकृतिमा दर्ता भए पनि वचत तथा ऋणको कारोवार गर्ने सहकारीको निरीक्षण तथा अनुगमनका लागि नगरपालिकाले आवश्यक विशेषज्ञको सेवा लिई काममा लगाउन सक्नेछ।" थप गरिएको छ।

**(९) मूल ऐनको परिच्छेद १७(क) मा संशोधन :-** मूल ऐनको परिच्छेद १७(क) "परिच्छेद- १७(क) सहकारी निर्देशक समिति" थप गरिएको छ।

**(१०) मूल ऐनको दफा ७६(क) मा संशोधन :-** मूल ऐनमा दफा ७६(क) "७६(क) सहकारी निर्देशक समिति : सुन्दरवजार नगरपालिकामा सहकारी सम्वन्धी नियमन, प्रवर्द्धन तथा प्रशिक्षणका लागि आवश्यक प्रवन्ध गर्न तथा निर्देशनका लागि एक सहकारी निर्देशक समिति रहनेछ। सहकारी निर्देशक समितिको गठन देहाय वमोजिम हुनेछ :

(अ) नगरपालिकाको प्रमुख - संयोजक
(आ) नगरपालिकाको उप प्रमुख - सदस्य
(इ) प्रमुख प्रशासकीय अधिकृत - सदस्य
(ई) नगरपालिकाको आर्थिक विकास समितिको संयोजक - सदस्य
(उ) संयोजकले मनोनयन गरेको दुई जना वडा अध्यक्ष - सदस्य
(ऊ) सहकारी शाखा प्रमुख - सदस्य सचिव"

थप गरिएको छ।

२०८१/५/२६

**(११) मूल ऐनको दफा ७६(ख) मा संशोधन :-** मूल ऐनमा दफा ७६(ख) "७६(ख) सहकारी निर्देशक समितिको काम कर्तव्य र अधिकार : (१) सहकारी निर्देशक समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ:
(क) सहकारी शाखाको काम कामकारवाहीका सम्बन्धमा सामान्य निर्देशन दिने ।
(ख) सहकारी संस्थाउपर परेका उजुरीहरु उपर छानविन गर्ने, गर्न लगाउने र आवश्यक कारवाहीका लागि निर्देशन दिने ।
(ग) सहकारी सम्बन्धी स्थानीय नीति, रणनीति लगायत कानूनी प्रबन्धको मूल्याङ्कन गर्ने र आवश्यक परिमार्जन गर्ने, गर्न लगाउने ।
(घ) सहकारी शिक्षा तथा प्रशिक्षण सम्बन्धी स्थानीय पाठ्यक्रम स्वीकृत गर्ने ।"
थप गरिएको छ ।

**(१२) मूल ऐनको दफा ८० मा संशोधन :-** मूल ऐनको दफा ८० उपदफा (१) मा "(१) कसैले दफा ७९ को कसूर गरेमा कसूर अनुसारको बिगो भराई कानून बमोजिमको जरिवाना र सजाय हुनेछ ।" को सट्टा "(१) कसैले दफा ७९ को कसूर गरेमा कसूर बमोजिमको बिगो भराई संघीय सहकारी ऐन तथा प्रचलित कानून बमोजिम जरिवाना र सजाय हुनेछ ।" राखिएको छ ।

**(१३) मूल ऐनको दफा ९२(क) मा संशोधन :-** मूल ऐनमा दफा ९२(क) "९२(क). सहकारी प्रशिक्षण सम्वन्धी व्यवस्था : (१) नगरपालिकाले सहकारी संस्थाको लागि आवश्यक पर्ने प्रशिक्षण सम्वन्धी व्यवस्था गर्न सक्नेछ ।
(२) उपदफा (१) बमोजिम गरिने प्रशिक्षणका लागि आवश्यक मापदण्ड तोकिए बमोजिम हुनेछ ।"

थप गरिएको छ ।

**(१४) मूल ऐनको दफा ९४(क) मा संशोधन :-** मूल ऐनका दफा ९४(क) "९४(क) नगरस्तरीय सहकारी सञ्जाल गठन गर्न सक्ने : (१) नगरपालिकाको नियमन क्षेत्रमा रहेका सहकारी संस्थाहरुले एक आपसमा मिलि एक नगरस्तरीय सहकारी सञ्जाल गठन गर्न सक्नेछन् ।
(२) उपदफा (१) बमोजिम गठन हुने सहकारी सञ्जाल देहाय बमोजिम ९ देखी ११ जनासम्मको हुनेछ :
(क) अध्यक्ष - १ जना
(ख) उपाध्यक्ष - १ जना
(ग) सचिव - १ जना
(घ) कोषाध्यक्ष - १ जना
(ङ) सदस्य - ५ देखि ७ जना सम्म
(३) उपदफा (१) बमोजिम गठन हुने सञ्जालमा प्रदेश तथा संघको नियमन क्षेत्र अन्तरगत पर्ने सहकारी संस्थावाट अधिकतम दुई जना सम्म सदस्य पदमा रहन सक्नेछन् ।
(४) उपदफा (१) बमोजिम गठन हुने सहकारी सञ्जालमा सम्वन्धित सहकारी संस्थाका समितिका पदाधिकारीहरुमात्र रहन सक्नेछन् ।
(५) नगरस्तरीय सहकारी सञ्जाल गठनको प्रकृया नगरपालिकाले तोके बमोजिम हुनेछ ।
(६) नगरस्तरीय सहकारी सञ्जालको पदावधि चार वर्षको हुनेछ ।"
थप गरिएको छ ।

**(१५) मूल ऐनको दफा ९४(ख) मा संशोधन :-** मूल ऐनमा दफा ९४(ख) "९४(ख) नगरस्तरीय सहकारी सञ्जालको काम, कर्तव्य र अधिकार : (१) नगरस्तरीय सहकारी सञ्जालको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :
(क) अन्तरसहकारी कारोवारको लागि सहजीकरण गर्ने,
(ख) सहकारी संस्थाका लागि क्षमता विकासमा सहजीकरण गर्ने,
(ग) सहकारी संस्थाको तर्फवाट अन्य निकायसँग समन्वय गर्ने,
(घ) नगरपालिकालाई सहकारी सम्वन्धी विषयमा आवश्यक सहयोग गर्ने ।"

थप गरिएको छ ।



प्रसाद
नगर प्रमुख

२०८१।१।२६